# गण्डकी प्रदेश सभा

## पोखरा, नेपाल

**दशौं अधिवेशन**

**पच्चिसौँ बैठक**

**दैनिक कार्यसूची**

**मिति २०८३ भदौ ११ गते, बिहिबार, बिहान ११:०० बजे**

**प्रदेश प्रमुखको कार्यालयको पत्र**

१. माननीय सभामुखले प्रदेश प्रमुखको कार्यालयबाट प्राप्त पत्रको बेहोरा पढेर सुनाउनुहुने ।

**विशेष समय**

२. विपक्षी दलको नेता तथा पूर्व मुख्यमन्त्री माननीय श्री खगराज अधिकारीले सभालाई सम्बोधन गर्नुहुने।

**माननीय मुख्यमन्त्रीसँग प्रत्यक्ष प्रश्नोत्तर**

३. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले माननीय सदस्यहरुले सोध्नुभएका प्रश्नको जवाफ दिनुहुने ।

**वार्षिक प्रतिवेदन पेश**

४. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले महालेखा परिक्षकको आठौँ वार्षिक प्रतिवेदन, २०८३ सभा समक्ष प्रस्तुत गर्नुहुने ।

५. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेले मुख्य न्यायाधिवक्ताको कार्यालय, गण्डकी प्रदेशको आर्थिक वर्ष २०८२/८३ को वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्नुहुने ।

६. माननीय सभामुखले महालेखा परीक्षक र मुख्य न्यायाधिवक्ताको वार्षिक प्रतिवेदन छलफलका लागि सम्बन्धित समितिमा पठाइयोस् भनि प्रस्ताव प्रस्तुत गर्नुहुने ।

**व्यवस्थापन कार्य**

७. माननीय मुख्यमन्त्री श्री सुरेन्द्रराज पाण्डेको तर्फबाट उर्जा, जलस्रोत तथा खानेपानी मन्त्रालयका माननीय मन्त्री श्री नन्द प्रसाद न्यौपानेले सामाजिक विकास तथा कृषि समितिको प्रतिवेदन सहितको **"गण्डकी प्रदेशमा खाद्य अधिकार तथा खाद्य गुणस्तर सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक"** माथि दफावार छलफल गरियोस् भनी प्रस्ताव पेस गर्नुहुने ।

उक्त विधेयक माथि दफावार छलफल पश्चात निर्णयार्थ प्रस्तुत हुने ।

..................

(गोविन्द पौडेल)

प्रदेश सभा सचिव